# सर्वोच्च अदालतबाट जारी गरिएको प्रेस विज्ञप्ती

रसियन फेडरेशनको सर्वोच्च अदालतका प्रधान न्यायाधीश श्री भ्याचेस्लाभ लेवेदेभको मैत्रीपूर्ण निमन्त्रणामा सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ रसियन फेडरेशनको औपचारिक भ्रमणको सिलसिलामा आज मिति २०६७ साल भाद्र १२ गते त्यसतर्फ प्रस्थान गर्नु भएको छ । भ्रमण दलमा सम्माननीय प्रधान न्यायाधीशज्यूको धर्मपत्नी प्रा.डा.नुरा श्रेष्ठ, सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री बलराम के.सी. तथा उहाँकी धर्मपत्नी विमला के.सी. र सम्माननीय प्रधान न्यायाधीशज्यूको निजी सचिव (उप-सचिव) श्री विदुर कोइराला संलग्न रहनु भएको छ ।

भ्रमणका क्रममा सम्माननीय प्रधान न्यायाधीशज्यूबाट रसियन फेडरेशनको सर्वोच्च अदालतका प्रधान न्यायाधीश श्री भ्याचेस्लाभ लेवेदेभसँग आपसी भेटवार्ता गर्नुका साथै त्यहाँको सर्वोच्च अदालतको अवलोकन तथा न्यायिक प्रक्रियाका विविध विषयमा जानकारी लिनु हुने कार्यक्रम रहेको छ । यसका साथै वहाँले त्यहाँको Judicial Department का Director General A.V. Gusev, Prosecutor General, रसियन बार, Russian Academy of Justice का Rector V.V. Ershov सँग आपसी भेटवार्ता गर्नुको साथै Moscow Regional Court समेतको अवलोकन गर्नु हुने कार्यक्रम रहेको छ । भ्रमणबाट दुबै देशको न्यायिक प्रणालीको विषयमा जानकारी आदान प्रदान हुनुका साथै आपसी सहयोगका क्षेत्रहरु पहिचान गरी सहयोग अभिवृद्धि गर्न सहयोग पुग्नेछ ।

भ्रमणका क्रममा सम्माननीय प्रधान न्यायाधीशज्यूबाट रसियाको सेन्ट पिटस्वर्ग गई त्यहाँको म्यूनिसिपल कोर्ट समेतको अवलोकन गर्नु हुने छ । रसियन फेडरेशनको औपचारिक भ्रमण सकी स्वदेश फर्कने सिलसिलामा सम्माननीय प्रधान न्यायाधीशज्यूबाट फ्रान्सको राजधानी पेरिसको अनौपचारिक भ्रमण गर्नु हुने कार्यक्रम समेत रहेको छ । रसियन फेडरेशनको औपचारिक भ्रमण सकी सम्माननीय प्रधान न्यायाधीशज्यू २०६७ भाद्र २३ गते स्वदेश फर्कनु हुने छ ।

(श्रीकान्त पौडेल)
प्रवक्ता